# अभियानमुलक भकारो सुधार कार्यक्रम संचालन कार्यविधि २०७४

नगर कार्यपालिकाबाट स्विकृत भएको मिति : २०७४/१०/१७

## कार्यविधि प्रमाणिकरण

प्रमाणिकरण गर्नेको दस्तखत

नामः- बालकृष्ण आचार्य

पदः- नगर सभाका अध्यक्ष

<u>अभियानमुलक भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७४</u>

**पृष्ठभूमीः**

नेपाल भौगोलिक रुपमा बिकट पहाडी मूलुक भएको र कृषि प्रधान मुलुक भएको परिप्रेक्ष्यमा माटोको उर्बरा शक्ति कायम गरि दिगो कृषि विकास गरि खाद्यान्नमा आत्मनिर्भर गर्ने कार्य चुनौतिपुर्ण रहेको छ । यस चुनौतिको सामना गर्न बिरुवालाई आवश्यक खाद्यतत्व प्रर्याप्त मात्रामा पुर्ति गर्न प्राङ्गारिक र रसायनिक श्रोत भएको र बर्षेनी कृषकहरु रसायनिक मल समयमा उपलब्ध नहुनु, त्यसमा पनि पहाडी जिल्लाहरुमा रसायनिक मल ढुवानीमा समस्या पर्नुका साथै महंगो पर्ने भएकोले मध्य पहाडि जिल्लाहरुमा अभियानमुलक भकारो सुधार कार्यक्रम संचालन गरि प्राङ्गारिक मलको गुणस्तर विकास गर्न अति आबश्यक भएको छ ।

आ.ब.२०७०/७१ को बजेट बक्तब्यको दफा ८४ मा उल्लेख भए बमोजिम कम्पोष्ट मलको उत्पादन र उपयोग बढाई माटोको उर्बराशक्तिमा सुधार ल्याउन गोठ सुधारकार्यक्रमलाई यस बर्ष ४० जिल्लामा बिस्तार गर्ने उल्लेख भए बमोजिम यो कार्यबिधि प्रस्ताब गरिएको छ ।

दिगो रुपमा माटोको उर्बरा शक्ति कायम राख्न परम्पारागत तरिकामा उत्पादन भैरहेको प्राङ्गारिक मलको मुख्य श्रोत गाई, बस्तुको मल मूत्र नै हो । गाई बस्तुको मल तथा मूत्रमा भैरहेको खाद्यतत्वलाई बचाउन र गुणस्तर बृद्धि गर्न भकारो सुधार एक प्रमुख कार्य भएको र यस अभियानबाट प्रङ्गारिक अभियानमा समेत महत्वपुर्ण योगदान दिन सक्ने भएको यथार्ततालाई समेत मध्यनजर गरि यो प्रस्ताब सहयोगी हुने भएको र बर्तमान समयको माग अनुरुपको उत्पादन गर्न तथा रसायनिक प्रभावबाट केहि हद सम्म मुक्त गरि पर्यावरण तथा वातावरणमा समेत महत्वपुर्ण भूमिका खेल्ने भएकोले नेपाल सरकारले देहायको कार्यविधि स्बिकृत गरि लागू गरेको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "अभियानमुलक भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि धुनिवेशी नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृती भएको मिति बाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :-

(क) "क्लस्टर ( Cluster )" भन्नाले एउटै क्षेत्र भित्र एक वा दुई जोडिएका गाँउ बिकास समिति अन्तर्गतको कृषकहरुको समूह सम्झनु पर्छ ।

(ख) "आर्थिक विकास समिति" भन्नाले स्थानिय स्वायत्त शासनको अबधारणा बमोजिम नगर बिकास समिति स्तरमा निक्षेपित कृषि बिकास सम्बन्धि कार्यक्रम संचालनमा सहजिकरणकालागि गठित समिति सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले माटो ब्यबस्थापन निर्देशनालय सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले नगरपालिकामा गठन भएको आर्थिक विकास समिति भन्ने बुझिनेछ ।

३. कार्यक्रम संचालनको उद्वेश्य : यस कार्यबिधि अनुसार कार्यक्रमको देहाय बमोजिम उद्वेश्य हुनेछ ।

(क) गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रांगारिक उत्पादनलाई जोड दिने ,

(ख) रसायनिक मलको प्रयोग कम गरि कृषि उत्पादन लागत घटाउने ,

(ग) दिगो कृषि विकास गरि खाद्य सुरक्षामा योगदान पुऱ्याउने ।

## परिच्छेद -२

### कार्यक्रम संचालन प्रकृया

४. कार्यक्रम संचालन गरिने स्थान छनौट : नेपाल सरकारको बार्षिक स्विकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ । आ.ब. २०७४/७५ को लागि धुनिवेशी नगरपालिका बाट कार्यक्रम संचालनका लागि छनौट गरिने छ ।

५. कार्यक्रम संचालन गरिने संख्या निर्धारण : धुनिवेशी नगरपालिकाको बार्षिक स्विकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ ।

६. कार्यक्रम संचालनका लागि वडा तथा कृषक छनौटका आधार र संचालन प्रकृया देहाय बमोजिम हुनेछ :

(क) कार्यक्रम संचालनका लागि समूहको छनौट नगरपालिकाको विषयगत समितिले गर्नेछ ।

(ख) वडा तथा समूह छनौट पस्चात कार्यक्रम संचालनका लागी नगर बिकास समितिको आर्थिक विकास समिति मार्फत भकारो सुधारका लागि घरधुरी छनौट गरिनेछ । घरधुरि छनौट गर्दा पशुपालन तथा ब्यबसायिक कृषि पकेट क्षेत्र लाई लक्षित गरि गरिनेछ ।

(ग) कृषक घरधुरिहरुको छनौट आर्थिक विकास समितीले नगरपालिकाको कृषि कार्यक्रम हेर्ने कर्मचारीको सहयोगमा क्लस्टर (Cluster ) बनाई एकै ठाउमा पर्ने गरि गर्नु पर्ने छ ।

(घ) छनौट भएका घरधुरिको जानकारि समितिले नगरपालिकाको कार्यलयमा पेशगर्ने छ । नगरपालिका कार्यालयले सोको जानकारि सम्बन्धित क्षेत्रिय माटो परिक्षण प्रयोगशाला तथा माटो ब्यवस्थापन निर्देशनालय लाई पठाउनु पर्ने छ ।

(ङ) क्लस्टर क्षेत्र (Cluster area) मा कार्यक्रम संचालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढि भएको खण्डमा दलित, जनजातिलाई प्राथमिकता दिई समितिले सिफारिस गरे बमोजिमका कृषकहरुलाई प्राथमिकता दिई सन्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएको खण्डमा दुई वटा सम्म क्लष्टर मिलाई कार्यक्रम संचालन गरिने छ ।

७. **Focal person** तोक्नु पर्ने : अभियानमुलक भकारो सुधार कार्यक्रमलाई प्रभावकारि रुपमा संचालन गर्न र आबस्यक प्राबिधिक सहयोग गर्नकालागि धुनिवेशी नगरपालिकाको कृषि कार्यक्रम संयोजकलाई Focal person को रुपमा तोक्नु पर्ने छ ।

८. न्युनतम मापदण्ड पुरा हुनु पर्ने : भकारो सुधार गर्दा कम्तिमा पनि ३ वटा पशुका लागि भुंइबाट गहुँत नचुहिने गरी पक्कि गरिनु पर्ने, गहुँत संकलन ट्यांकिको ब्यबस्था हुनु पर्ने र भकारो अर्थात मलखाद फाँक्ने खाडललाई घाम पानी बाट जोगाउनका लागि छानोको ब्यबस्था गरिनु पर्ने कुराहरुलाई आधार मानिने छ ।

९. अनुदान दिईने रकम ब्यबस्था : कृषक छनौट गर्न नगर विकास समितिस्तरिय आर्थिक विकास समितिको सिफारिसमा छनौट भएका घरधुरिलाइ धुनिवेशी नगरपालिकाले मुल्याङ्कन गरि प्रति भकारो सुधारका लागि ने.रु ५,२०० (पाँच हजार दुई सय) अनुदान रकम उपलब्ध गराउने छ ।

१०. अनुदान दिईने रकम प्रबाहको ब्यबस्था : भकारो सुधार कार्य सम्पन्न भएर सम्बन्धित प्राबिधिकले सो को गुणस्तर निरिक्षण गरि सम्बन्धित नगर बिकास समितिको आर्थिक विकास समितिको सिफारिस लिई सिफारिस प्राप्त कृषकलाई मात्र नगरपालिका कार्यालयले अनुदान उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रमको अनुगमन ब्यबस्था : कार्यक्रमको प्रभाबकारी कार्यान्वयनका लागि केन्द्रिय स्तरबाट माटो ब्यवस्थापन निर्देशनालय तथा कृषि बिभागबाट, क्षेत्रिय स्तरबाट सम्बन्धित क्षेत्रिय माटो परिक्षण प्रयोगशाला तथा क्षेत्रिय कृषि निर्देशनलयबाट र स्थानिय स्तरमा धुनिवेशी नगरपालिका नगरकार्यपालिका कार्यालय बाट अनुगमन गर्ने ब्यबस्था गरिने छ ।

१२. निर्देशन दिन सक्ने : कार्यक्रमको सम्बन्धमा आबश्यकता अनुसार कृषि बिकास मन्त्रालयले अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।